annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ४३ पृष्ठ १० | काठमाडौं, बुधबार २८ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४५ | WEDNESDAY, JUNE 11, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

अर्थतन्त्रको १० महिनाको तस्बिर

## बाह्य सूचक सुधारोन्मुख, आन्तरिकमा अझै चुनौती


**लामो समयदेखि थलिएको मुलुकको समग्र अर्थतन्त्रमा केही सकारात्मक सुधारका संकेत देखिन थालेका छन् । नेपाल राष्ट्र बैंकका अनुसार अर्थतन्त्रका बाह्य सूचक निरन्तर सुधार भइरहेका छन् । तर, नागरिकले प्रत्यक्ष महसुस हुनेगरी अर्थतन्त्रमा सुधार ल्याउन आन्तरिक सूचकमा सुधार हुनैपर्छ । त्यसका लागि सरकारको पुँजीगत खर्चमा सुधार हुनुपर्ने र बजारमा माग बढ्नुपर्ने विज्ञहरू बताउँछन् ।**


समाचार पृष्ठ २


**ममता थापा** | *काठमाडौं*


– को रिपोर्ट

### ६ आर्थिक वर्षका आर्थिक सूचकांक




* वैशाखसम्म

## विराटनगर महानगरका प्रशासकीय प्रमुख पनि ५० दिनदेखि हाजिरमा वञ्चित

**किशोर बुढाथोकी** | *विराटनगर*

सहसचिव रामचरित्र मेहता विराटनगर महानगरको प्रमुख प्रशासकीय अधिकृतमा सरुवा भएर आएको ५० दिन भयो। तर, अझै महानगरपालिकामा हाजिर गर्न पाएका छैनन्।

मेयर नागेश कोइरालाले उनलाई हाजिर गर्न नदिएका हुन्। मेयरको अड्डीलाई उपमेयर शिल्पा निराला कार्कीले पनि साथ दिएकी छन्। मेयर र उपमेयरको स्वार्थमा महानगरका कर्मचारीसमेत सहयोगी बनेर मेहतालाई हाजिर हुन नदिएपछि विराटनगर अहिले प्रमुख प्रशासकीयविहीन छ। महानगर कायममुकामयको भरमा चलिरहेको छ।

यद्यपि, मेहताको विगत भने विवादरहित छैन। सुनसरीको इटहरी उपमहानगरपालिकाबाट विवादित भएपछि उनको सरुवा भएको थियो। त्यसको अढाई महिनामै उनले पुन: विराटनगरको प्रमुख प्रशासकीयको रूपमा सरुवा भएर आए। विराटनगर कोशी प्रदेशको एउटा मात्रै महानगर हो।

मन्त्रिपरिषद्को निर्णयबमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वैशाख ९ गते ४७ जना सहसचिवको सरुवा गरेको थियो। उक्त सरुवाबाट मेहताले विराटनगरको प्रमुख प्रशासकीयको जिम्मेवारी पाए। उनको सरुवा भएको बुधबार ५० दिन पूरा हुन्छ। तर, हालसम्म हाजिर हुन पाएका छैनन्।



AMN EV RALLY
2025

सहसचिवको सरुवा सूची सार्वजनिक हुनासाथ मेयर कोइरालाले मेहतालाई हाजिर गर्न नदिने बताएका थिए। सल्लाह नगरिकन मन्त्रालयले आफूखुसी प्रमुख प्रशासकीय पठाएकाले स्वीकार गर्न नसकिने मेयर कोइरालाको भनाइ थियो। पटक-पटक विवादमा परेका कारण हाजिर हुन नदिने उनको अडान अहिले पनि यथावत् छ। मेहताले आफूसँग सहमतिसमेत नलिई सरुवा मागेको र कार्यशैली ठीक नदेखिएकोले स्वीकार्न नसकिएको मेयर कोइरालाको भनाइ छ।

मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत पठाउँदा एकपटक पनि समन्वयन नगरेको भन्दै कोइराला क्रुद्ध बनेका थिए। आफूहरूलाई काम गर्ने कर्मचारी चाहिएको बताउँदै मेयर कोइरालाले 'सेटिङ'मा प्रमुख प्रशासकीय पठाइएकाले चुप लागेर नबस्ने अडान लिएका थिए। विगत विवादित भएकाले मेहतालाई महानगर प्रवेशमा रोक लगाइने उनको भनाइ थियो। कोइराला अहिले नेपाल बाहिर छन्। इजरायल रहेका कारण उनीसँग सम्पर्क हुन सकेन।

तर, यसअघि अन्नपूर्णसँगकै कुराकानीमा उनले भनेका थिए, 'प्रमुख प्रशासकीय अधिकृत पठाउँदा एकपटक हामीसँग त समन्वय गर्नु पर्छ नि। न मन्त्रालयले गर्‍यो। न त सचिवले नै। मेयर र जनप्रतिनिधिसँग एक वचन पनि नसोध्ने ? अनि माथिबाट 'सेटिङ' गरेर पठाइदिएपछि हामीले स्वीकार्नु पर्ने ? हामी काम गर्ने जनप्रतिनिधिलाई सहज खालको प्रमुख प्रशासकीय आवश्यक परेको छ।'

» बाँकी पृष्ठ ८

## आन्दोलन दमन गरेकामा ट्रम्पविरुद्ध मुद्दा



**लस एन्जलस** (एजेन्सी) : क्यालिफोर्नियाका गभर्नर गेभिन नुजुमले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनविरुद्ध मुद्दा दायर गरेका छन्। राष्ट्रपति डोनाल्ड ट्रम्पले १०औं संशोधनअन्तर्गत राज्य सरकारको अधिकारमा 'अतिक्रमण' गरेको आरोप लगाएको छ।

ट्रम्प प्रशासनको जालमा नपरून् भन्दै यसअघि नै लस एन्जलसकी मेयर करेन बासले एक्समा पोस्ट गर्दै प्रदर्शनकारीहरूलाई शान्तिपूर्ण रूपमा विरोध गर्न आह्वान गरेकी छन्। 'शान्तिपूर्ण रूपमा विरोध गर्नुहोस्। लुटपाट र तोडफोड सहन गरिने छैन', उनले भनेकी छन्। प्रदर्शनका क्रममा त्यहाँको सुरक्षा निकाय 'नेसनल गार्ड'को तैनाथीका सन्दर्भमा क्यालिफोर्नियाका गभर्नर नुजुम र एलएका मेयर बासले निन्दा गर्दै परिस्थिति सम्हाल्न स्थानीय प्रहरी सक्षम रहेको जनाएका थिए। क्यालिफोर्नियाका महान्यायाधिवक्ता रोब बोन्टाले नेसनल गार्डको तैनाथी संघीय सरकारको क्षेत्राधिकार बाहिर रहेको र यसले १० औं संशोधनको उल्लंघन गरेको दाबी गरेका छन्।

मुद्दाको सन्दर्भमा राष्ट्रपति डोनाल्ड ट्रम्पले भने, 'तपाईंहरू पनि मैले देखेको जस्तै क्लिप देख्न सक्नुहुन्छ। कारहरू जलिरहेका थिए, मानिस दंगा गरिरहेका थिए। हामीले यसलाई रोक्यौं। यदि, हामीले कारबाही नगरेको भए, ती ठाउँहरू पनि घरहरूजस्तै जल्ने थिए।'

नेसनल गार्डको तैनाथीको विषयमा विवाद भइरहेकै बेला लस एन्जलसमा २१ सय थप नेसनल गार्डहरू तैनाथ गरिएको ह्वाइट हाउसको विज्ञप्तिमा जनाइएको छ। साथै अमेरिकी सेनाले लस एन्जसलमा ७ सय मरिनहरू सक्रिय रहेको पुष्टि गरेको छ।

अमेरिकी सेनाको एक विज्ञप्तिमा भनिएको छ, 'मरिनहरूको सक्रियताको उद्देश्य टास्क फोर्स ५१ लाई पर्याप्त बल प्रदान गर्नु हो।' यसअघि, रक्षा सचिव पिट हेगसेथले लस एन्जलसमा हिंसा जारी रहे पेन्टागन सक्रिय सेना तैनाथ गर्न तयार रहेको शनिबार बताएका थिए।

## सर्वोच्चको न्यायाधीशमा तीनजना सिफारिस



**काठमाडौं** (अन्नपूर्ण) : सर्वोच्च अदालतको न्यायाधीशमा वरिष्ठ अधिवक्तासहित तीन जनाको नाम सिफारिस गरिएको छ।

न्याय परिषद्को मंगलबार बसको बैठकले सर्वोच्चमा रिक्त चार न्यायाधीशमध्ये तीन जनाको नाम सिफारिस गरेको हो। परिषद्का सचिव अशोककुमार क्षेत्रीका अनुसार, बैठकले वरिष्ठ अधिवक्ता मेघराज पोखरेल, उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश श्रीकान्त पौडेल र उच्च अदालतकी मुख्य न्यायाधीश शान्ति सिंह थापालाई सर्वोच्च अदालतको न्यायाधीश पदमा सिफारिस गरेको हो। सिफारिस भएकाहरूलाई संसदीय सुनवाइ समितिले अनुमोदन गर्नुपर्छ। समितिले अनुमोदन गरेपछि सिफारिस न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुने संवैधानिक व्यवस्था छ ।

## सबै निर्णय मन्त्रिपरिषद्मा नलैजान अख्तियारको निर्देशन

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रचलित कानुनले स्पष्ट कार्यक्षेत्र तोकेका विषयमा नीतिगत भनी निर्णय गराउने काम तत्काल बन्द गर्न तीनै तहका सरकारलाई निर्देशन दिएको छ।

अख्तियारको कारबाहीबाट बच्नका लागि प्रशासनिक तहबाटै हुने निर्णय पनि मन्त्रिपरिषद्मा लगेर पारित गर्ने प्रवृत्ति बढेपछि अख्तियारले यस्तो निर्देशन दिएको हो। अख्तियारले प्रशासनिक निर्णय प्रशासनिक तहबाटै गर्नु भनी संघीय मन्त्रिपरिषद्, प्रदेश मन्त्रिपरिषद् र स्थानीय तहलाई निर्देशन दिएको हो।

सरकारका सचिव तथा विभागीय प्रमुखहरूसँग छलफल गरी अख्तियारले तयार पारेको ३१बुँदे सुझावमा तोकिएको अवधि नपुगी कर्मचारी सरुवा नगर्न पनि निर्देशन दिइएको छ। स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत एकमुष्ट सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा गर्ने र प्रदेश स्तरबाट नै स्थानीय तहमा दुई वर्षका लागि तोकेर कामकाज गर्न पठाउन आवश्यक प्रबन्धन गर्न पनि अख्तियारले निर्देश गरेको छ।




- नीतिगत भनी मन्त्रिपरिषद्बाट निर्णय गराउने कार्य तत्काल बन्द गर्न निर्देशन
- भ्रष्टाचारीको सम्पत्ति जफत गर्न विलम्ब हुनु शासकीय प्रबन्धमा गम्भीर कमजोरी
- हदबन्दीभन्दा बढी जमिन सरकारका नाममा ल्याउनुपर्ने

**भ्रष्टाचारीको सम्पत्ति जफत गर्न विलम्ब हुनु शासकीय प्रबन्धमा गम्भीर कमजोरी**

अख्तियारले भ्रष्टाचारको मुद्दा दायर गरी अन्तिम किनारा लागेर सरकारको नाममा आउनुपर्ने सम्पत्ति लामो समयसम्म अभियुक्तको स्वामित्वमा रहनु शासकीय प्रबन्धमा गम्भीर कमजोरी भएको बताएको छ। न्यायालयसँग समेत आवश्यक समन्वय गरी त्यस्तो सम्पत्ति शीघ्र सरकारको नाममा आउने व्यवस्था गर्न कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नू भनी अख्तियारले निर्देशन गरेको छ। गत वर्ष कात्तिक २८ र २९ गते अख्तियार र नेपाल सरकारका सचिव तथा विभागीय प्रमुखहरूबीच छलफल भएको थियो। छलफलका आएका सुझावलाई सम्बन्धित सबै मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउन आयोगले गत वर्षकै पुस ११ गते निर्णय गरेको थियो। अख्तियारले यी सुझावहरू मंगलबार सार्वजनिक गरेको छ। आन्तरिक राजस्व अनुसन्धान विभाग, भन्सार कार्यालय एवं ट्राफिक प्रहरी कार्यालयअन्तर्गत नियन्त्रणमा आउने सवारी सम्बन्धित धनी लिन नआए प्रयोगमा ल्याउन मिल्ने कानुनी व्यवस्था मिलाउन पनि अख्तियारले सुझाव दिएको छ।

विगत केही वर्षदेखि सार्वजनिक वित्तमा बढ्दो दबाबले गर्दा सरकारले नयाँ सवारीसाधन खरिद नगर्ने नीति लिएको, सरकारी कार्यालयमा सवारीसाधान अभाव रहेको तथा भएका सवारीसाधन पनि पुरानो भएको अवस्था छ।

सवारीसधान सुविधा प्राप्त गर्ने पदाधिकारीले कति र कस्तो सवारीसाधन सुविधा प्राप्त गर्ने हो, इन्धन/मर्मत खर्च समेतको अर्थ मन्त्रालयबाट स्पष्ट मापदण्ड तयार गरी आर्थिक अनुशासन कायम गर्न पनि अख्तियारले सुझाएको छ। अख्तियारले दिएको सुझावमा भनिएको छ,'आवधिक रूपमा नियुक्त हुने व्यवस्थापकीय पदमा कार्यरत पदाधिकारीलाई सवारीसाधान र इन्धनको सट्टा यातायात सुविधाबापत रकम दिने कार्यलाई प्रोत्साहन गर्ने।'

**विदेश भ्रमणमा कडाइ**

संघ, प्रदेश र स्थानीय तहका राजनीतिक र प्रशासनिक पदाधिकारीको अत्यधिक वैदेशिक भ्रमणले सार्वजनिक खर्च, सेवा प्रवाह र नागरिक स्तरमा समेत नकारात्मक प्रभाव परेको छ। जसले गर्दा स्पष्ट उद्देश्य, निर्धारित उपलब्धि, समान तहको निमन्त्रणा र आवश्यकता समेतका आधारमा मात्र भ्रमणमा जाने गरी व्यवस्थित गर्न पनि अख्तियारले निर्देश गरेको छ।

» बाँकी पृष्ठ ६